# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २६ गते २०२५ साल

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

सूचना

यस मन्त्रालय अन्तर्गत पर्यटन विभागका निर्देशक श्री तीर्थराज तुलाधर इन्टर न्याशनल भिजिटर्स प्रोग्राम अन्तर्गत संयुक्त राष्ट्र अमेरिकाको भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नहुञ्जेल सम्मका लागि सो पदमा निजामती सेवा नियमाबली, २०२१ को नियम ८. २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही बिभागका से. अ. श्री यज्ञराज सत्याललाई मिति २०२५।६।२१ देखि कायम मुकायम मुकरर गरेको छ।

श्री कल्याणबिक्रम अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग वाणिज्य मन्त्रालय
## वाणिज्य विभागको
## सूचना

यस विभागका सी. ए. श्री हरिनारायण श्रेष्ठ मिति ०२५।४।१४ देखि राष्ट्रिय पञ्चायत सचिवालयमा काजमा जानुभएकोले उहाँ फर्की हाजिर हुन नआएसम्म सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै बिभागका ना. सु. श्री दर्शनलाल श्रेष्ठलाई मिति ०२५।४।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

अरूणचन्द्र प्रधान
निर्देशक तथा नियन्त्रक
वाणिज्य विभाग ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८